# अपाङ्ग नगर समन्वय समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०६९

<u>पृष्ठभूमि</u> :

नेपालको कूल जनसंख्याको करिब २.५ प्रतिशत हिस्सा ओगट्ने अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण तथा सशक्तीकरणका विभिन्न कार्यक्रमहरु नेपाल सरकारले विभिन्न निकायहरु मार्फत सन्चालन गर्दै आएको छ । सरकारले अपाङ्गताको परिभाषा र वर्गीकरण गरी सवै जिल्लामा अपाङ्गता परिचय पत्र प्रदान गर्ने व्यवस्थाका साथै समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन, सामाजिक सुरक्षा भत्ता वितरण र अन्य विभिन्न सहुलियतहरु प्रदान गर्दै आएको छ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मनिर्भर जीवन यापनका लागि उपयुक्त रोजगारी सहित आवश्यक सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार एवं सुविधाहरु उपलब्ध गराउनका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा अन्य प्रचलित निर्देशिका, कार्यविधिहरुमा स्थानीय निकायहरुले आवधिक तथा वार्षिक विकास कार्यक्रम/आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दा अपाङ्ग लगायत पिछडिएको वर्ग, क्षेत्र, समुदायलाई सहभागी गराउनु पर्ने व्यवस्थाहरु गरेको छ ।

यी नीतिगत, कानुनी प्रावधान अनुसार स्थानीय निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । त्यसैगरी जिल्लामा विभिन्न विषयगत कार्यालयहरु, गैर सरकारी संस्थावाट आ-आफ्नो ढंगले अपाङ्गताका क्षेत्रमा काम गर्दै आईरहेकाले काममा दोहोरोपना हुन गई सिमित स्रोत साधनको प्रभावकारी उपयोगमा समेत असर परेको छ । यसवाट अपाङ्गहरुको संरक्षण, सशक्तिकरण, क्षमता विकासका क्षेत्रमा खर्च गरिएको स्रोत साधनवाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले संतोषजनक प्रतिफल प्राप्त गर्न सकिरहेको छैन् ।

स्थानीय निकाय, विषयगत कार्यालय तथा अन्य गैरसरकारी निकायवाट अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी, जनमूखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउनको लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले देशका ५८ वटै नगरपालिकामा अपाङ्ग नगर समन्वय समितिको गठन गर्नुपर्ने आवश्यकता ठानेको छ । यस समितिले हरेक नगरपालिकामा विभिन्न निकायहरुवाट अपाङ्गता भएका व्यक्तिसंग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्नेछ । यसबाट जिल्लामा अपाङ्गताको क्षेत्रमा संचालित कार्यक्रमहरुको बिचमा दोहोरोपना हट्न गई अपाङ्गता भएका व्यक्तिका आवश्यकतामा आधारित कार्यक्रमहरुको तर्जुमा हुन जाने र यस्ता कार्यक्रमहरुको कार्यान्वयनमा स्वामित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच भई लाभ प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :( १) यो कार्यविधिको नाम **अपाङ्ग नगर समन्वय समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०६९** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अपाङ्ग नगर समन्वय समिति गठनको उद्धेश्यः** अपाङ्ग नगर समन्वय समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) स्थानीयस्तरमा सरकारी, स्थानीय निकाय तथा गैरसरकारी संस्थावाट सञ्चालित अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तिकरण, क्षमता विकासका कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने ।

(ख) स्थानीय योजना पद्धतिमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चत गरी यस्ता कार्यक्रमबाट उनीहरुले अधिकतम प्रतिफल पाउन सक्ने अवस्थाको सृजना गर्ने ।

(ग) नगरपालिकामा विभिन्न सरकारी, स्थानीय निकाय तथा गैरसरकारी निकायवाट सञ्चालन गरिने कार्यक्रम, बजेट तथा कार्यान्वयनको अवस्थाका बारेमा पारदर्शिता कायम गर्ने ।

(घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ लगायत अन्य प्रचलित ऐन, नियमावली तथा कार्यविधिहरुले अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सशक्तिकरण, क्षमता विकास तथा सहभागिताका लागि गरेका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्न सहयोग र सहजीकरण गर्ने ।

(ङ) नगरपालिकामा स्थानीय निकाय, सरकारी र गैरसरकारी निकायवाट सञ्चालित कार्यक्रमहरुका बीचमा दोहोरोपना हुन नदिने तथा आवश्यक स्थानमा कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

३. **नगर समन्वय समिति गठन** : (१) नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तिकरण, क्षमता विकास गर्न आवश्यक समन्वयकारी भूमीका निर्वाह गर्नका लागि नगरपालिकाको प्रमुखको अध्यक्षतामा अपाङ्गता भएका व्यक्ति हक, अधिकार र विकासका क्षेत्रमा क्रियाशिल एकजना अपाङ्गता भएका व्यक्ति उपाध्यक्ष रहने गरी देहाय अनुसारको अपाङ्ग नगर समन्वय समिति गठन हुनेछ :

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगरभित्र अपाङ्गता भएका व्यक्तिहरुको हक, अधिकार र क्षमता विकासका क्षेत्रमा क्रियाशिल अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट नगरपालिकाको प्रमुखले तोकेको एकजना अपाङ्गता भएका व्यक्ति[1] - उपाध्यक्ष

(ग) व्यवस्थापिका संसदमा बहाल रहेका सम्बन्धित नगरक्षेत्रमा स्थाई ठेगाना भएका अपाङ्गता भएका सभासदहरु -पदेन सदस्य

[1] नगरपालिकामा निर्वाचित पदाधिकारी नभएको अवस्थामा स्थनीय विकास मन्त्री/राज्यमन्त्रीले तोकको व्यक्ति समितको उपाध्यक्ष हुनेछ ।

(घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(च) जिल्लामा क्रियाशिल मान्यता प्राप्त राजनीतिक दलले तोकेका एक/एक जना अपाङ्गता भएका व्यक्ति प्रतिनिधिहरु - सदस्य

(छ) नगरपालिकाको कार्यकारी अधिकृत - सदस्य

(ज) नगरपालिकाले तोकेको एकजना वडा सचिव (संभव भएसम्म अपाङ्गता भएका व्यक्ति) - सदस्य

(झ) महिला तथा बालबालिका अधिकृत - सदस्य

(ञ) नगरपालिकाको सामाजिक विकास महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको बैठकमा निम्न लिखित पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ :

(क) नगरपालिकामा अपाङ्गताका क्षेत्रका कार्यरत गैसस मध्येवाट नगरपालिकाले तोकेको एकजना अपाङ्गता भएका व्यक्ति प्रतिनिधि,

(ख) नगरपालिका स्थित विषयगत कार्यालयका प्रमुखहरु/प्रतिनिधिहरु (सम्भव भएसम्म अपाङ्गता भएका व्यक्ति),

(ग) समितिले आवश्यक ठानेका महिला, आदिवासी जनजाति, मधेशी, दलित र पिछडा वर्गका अपाङ्गता भएका व्यक्तिसंग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु (सम्भव भएसम्म अपाङ्गता भएका व्यक्ति)।

४. **नगर समन्वय समितिको काम, कर्तव्य र अधिकार** : (१) अपाङ्गताका क्षेत्रसंग सम्बन्धित नगरपालिकामा सञ्चालित सरकारी, गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने ।

(२) नगरपालिकाबाट सञ्चालन गरिने अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने ।

(३) नगरपालिकाको प्रचलित अनुदान सञ्चालन कार्यविधि बमोजिम अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने ।

(४) जिल्ला विकास समिति, बिषयगत कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुलाई नगरपालिका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिश गर्ने ।

(५) नगरपालिका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको उत्थान र विकासका लागि गठित समूह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने ।

(६) अपाङ्गता भएका व्यक्तिहरुको विकासका लागि नगरपालिका क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्था, सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुऱ्याउन सहयोग र समन्वय गर्ने ।

(७) नगरपालिका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको उत्थान र विकासको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा तिनका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने, गराउने ।

(८) अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएको व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने ।

(९) महिला तथा बालबालिका कार्यालय र अन्य निकायहरुबाट नगरपालिका क्षेत्रमा सञ्चालित कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराउने ।

(१०) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसंग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने ।

(११) नगरपालिका क्षेत्रमा विभिन्न निकायहरुवाट अपाङ्गता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने ।

(१२) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा अपाङ्गता भएका व्यक्तिहरुको कम्तिमा तेत्तीस प्रतिशत प्रतिनिधित्वको लागि पहल गर्ने ।

(१३) नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण नीति अनुसारको लैङ्गिक बजेटको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने ।

(१४) नगरपालिकामा विषयगत कार्यालयहरु तथा स्थानीय निकायबाट सञ्चालित अपाङ्गता भएका व्यक्तिको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने ।

५. **समितिका पदाधिकारीका सेवा, शर्त एवं सुविधा सम्बन्धी व्यवस्था** : (१) समन्वय समितिमा रहने पदाधिकारी एवं सदस्य (पदेन बाहेक) हरुको कार्य अवधि बढीमा चार बर्षको हुनेछ ।

(२) समितिका उपाध्यक्ष्य, सदस्य तथा अन्य पदाधिकारीहरुले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिका सबै पदाधिकारीहरुले समितिको बैठक बसेको दिन नगरपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउने छन् ।

(३) समन्वय समितिका उपाध्यक्ष र अन्य पदाधिकारीहरुले पाउने बैठक भत्ताको रकम नगरपालिकाले उपलब्ध गराउनेछ ।

(४) समन्वय समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।

(५) समन्वय समितिका पदाधिकारीले समितिको कार्यको सिलसिलामा भ्रमण गर्दा नगर प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । यसरी भ्रमण आदेश गर्दा भ्रमण प्रयोजन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(६) समितिका पदाधिकारीले भ्रमण गरी फर्केको पैंतिस दिनभित्र भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ । भ्रमण प्रतिवेदन प्राप्त भएपछि मात्र नगरपालिकाले नियमानुसार भ्रमण भत्ता भुक्तानी गर्नुपर्नेछ । भ्रमण गर्दा समितिका अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुको दैनिक तथा भ्रमण भत्ता नगरपालिकाका सदस्यले पाए सरह हुनेछ ।

स्पष्टिकरण : अर्काको सहयोग नलिई हिडडुल गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिको हकमा बैठक भत्ता तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराउँदा एक जना सहयोगीको लागि समेत उपलब्ध गराउनु पर्नेछ ।

६. **समन्वय समितिको कार्यसञ्चालन बजेटको व्यवस्था** : समन्वय समितिले आफ्नो कार्यसम्पादन गर्दा लाग्ने आवश्यक बजेट नगरपालिका अनुदान सञ्चालन कार्यविधिको क्षमता विकास अनुदान, सामाजिक परिचालन अनुदान र प्रबर्द्धनात्मक क्षेत्र शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउनु पर्नेछ । यसको साथै समितिले अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तिकरण र क्षमता विकासको क्षेत्रमा संलग्न संघ, संस्था, समिति, समूहहरु तथा ती संस्थाका सदस्यहरुको क्षमता विकास तथा सशक्तिकरणको कार्यक्रम सञ्चालन गर्न चाहिने आवश्यक बजेट नगरपालिकाले अन्य श्रोतवाट उपलब्ध गराउनु पर्नेछ ।